# प्रस्थान

## (Exodus)

**लेखक:**
जिरी मोस्काला
(Jiří Moskala)

**भावानुवादक:**
भजुराम तखाछेँ श्रेष्ठ

सेभेन्थ-डे एड्भेन्टिष्ट मण्डली
नेपाल सेक्सन गुठी
Seventh-day Adventist®
Church Nepal Section Trust
बनेपा-५, काभ्रेपलान्चोक

**प्रकाशन: सन् २०२५ (बि.सं. २०८२)**

**प्रतिलिपि अधिकार:** © जनरल कन्फरेन्स अभ सेभेन्थ-डे एड्भेन्टिष्ट, २०२५ र सेभेन्थ-डे एड्भेन्टिष्ट मण्डली नेपाल सेक्सन गुठी।

**सम्पादक:**
क्लिफोर्ड अर गोल्डस्टाइन

**सह सम्पादक:**
सोराया शैडविलर

**मुद्रण व्यवस्थापक:**
लिय अलेक्जान्डर ग्रीभ

**सम्पादन सहयोगी:**
शारोन थोमास क्र्युज

**पासिफक प्रेस:**
मिग्वेल भालडिभिया

**चित्र र आवरण:**
लार्स जस्टिनन।

**भाषा शुद्धीकरण तथा कम्प्यूटर लेआउट:**
सेभेन्थ-डे एड्भेन्टिष्ट मण्डली नेपाल सेक्सन प्रकाशन विभाग

**प्रथम संस्करण:** २०८२ (ई.सं. २०२५)

**भजुराम श्रेष्ठ,** ✆ ९८४०२९२७८५
(आन्तरिक प्रयोगको निम्ति मात्र)


**प्रकाशक:**
उमेश कुमार पोखरेल

**वितरक:**
रविन बस्याल, ✆ ९८१०४९६७३३
कुबेर लामिछाने, ✆ ९८४१७१५०९५
केशव कुमार राई, ✆ ९८४२५३३९५१

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केही अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको copyright @1997, 2006, 2009, 2011 पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली) बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

भूमिका

# प्रस्थान: प्रतिज्ञा गरिएको भूमितिर यात्रा



प्रस्थानको पुस्तकमा परमेश्वरका विशेष चरित्रलाई प्रकट गरिएको छ। उहाँ प्रेमिलो परमेश्वर हुनुहुन्छ। नियुक्त गर्नुभएको समयमा र उहाँका शक्तिशाली क्रियाकलापले उहाँका जनहरूलाई उहाँले उद्धार गर्नुभएको थियो। उहाँले दासत्वको आतङ्कबाट तिनीहरूलाई मुक्त गर्नुभएको थियो *(उत्पत्ति १५:१२-१६)*। मिश्रदेशबाट इस्राएलीहरूलाई निकालेर ल्याउनुभएको र लाल समुद्र पार गरेर बचाउनुभएको उहाँको काम अत्यन्तै सानदार, भव्य र अचम्मको थियो। यी विषेश र निर्णायक घटनाहरू थिए। पौराणिक इस्राएलको इतिहासमा योभन्दा महान् र महिमित घटना कहिल्यै भएको थिएन। यो येशूलाई क्रूसमा टाँगिनुभन्दा अघिको इतिहास हो। यथार्थमा भन्ने हो भने यो मोशाद्वारा लिखित सुसमाचार हो।

ती हिब्रूहरू कतिपय समयमा परमेश्वरबाट भ्रष्ट भएका थिए र बागी भएका थिए। त्यसको बाबजुद पनि उहाँले बारम्बार आश्चर्य कामद्वारा तिनीहरूको स्याहार गर्नुभएको थियो र तिनीहरूलाई सुरक्षा दिनुभएको थियो। उहाँको करुणा र दया ती मानिसहरूका समझ र भावनाहरूभन्दा अपार थिए। उहाँले आफ्नो हात फैलाएर उहाँका जनहरूलाई स्वतन्त्र गर्न अगुवाइ गर्नुभएको थियो। उहाँको यो काम अभूतपूर्व थियो। तिनीहरूले अपेक्षा नगरिएका परमेश्वरका हस्तक्षेपहरू नै उहाँसँग गरिने तिनीहरूको यात्राका श्रृङ्खलाहरूका सुरु थियो। धैर्यताको धनी परमेश्वरले तिनीहरूका अविश्वास र बागीपनाको बाबजुद पनि तिनीहरूको मिजासलाई नविकरण गर्दै उहाँले मिश्रबाट कनानमा तिनीहरूलाई लैजानुभएको थियो।

प्रस्थानको पुस्तकमा मोशाले महत्त्वपूर्ण भूमिका खेले तापनि यो पुस्तक मोशाको बारेमा होइन तर परमेश्वरको बारेमा हो। यसमा उहाँका प्रेमिलो, सत्यवादी, न्यायी, स्वतन्त्र र क्षमा दिने परमेश्वर हुनुहुन्छ भनेर प्रकट गरिएको छ। आखिरमा प्रेमको पराकाष्ठाको प्रदर्शन गर्न उहाँ हाम्रो निम्ति क्रूससम्मै यात्रा गर्नुभएको थियो। जब हामी प्रस्थानको पुस्तकको अध्ययन गर्छौं तब परमेश्वर कस्तो हुनुहुन्छ भन्ने कुरालाई र उहाँको विशेष चरित्र, स्वभाव र मिजासलाई नियाल्नेछौं।

वास्तविक रूपमा परमेश्वर कस्तो हुनुहुन्छ? उहाँका जनहरूले उहाँमाथि जति गद्दारी गरे तापनि वा विश्वासघात गरे तापनि उहाँले आफ्नो विश्वनीयतालाई गुमाउनुभएको थिएन। तिनीहरूले विश्वास नगरे तापनि उहाँ सहनशील विश्वासपात्र भइरहनुभएको थियो। उहाँको उपस्थितिप्रति तिनीहरू सजग नभए तापनि उहाँ तिनीहरूसँग निरन्तर रहिरहनुभएको थियो। उहाँको विरुद्धमा तिनीहरू बागी भए तापनि उहाँले तिनीहरूलाई त्याग्नुभएको थिएन। उहाँका दया, करुणा, निगाह उहाँले बारम्बार देखाउनुभएको थियो। उहाँले तिनीहरूलाई उत्साह दिइरहनुभएको थियो, तिनीहरूका भूलहरूलाई सच्याइरहनुभएको थियो, तिनीहरूलाई शिक्षा दीक्षा दिइरहनुभएको थियो, तिनीहरूका उत्तम हित गरेर तिनीहरूलाई अगुवाइ गरिरहनुभएको थियो। कर गरेर होइन तर उहाँ र उहाँको चरित्रलाई स्वेच्छाले प्रेम गरेको उहाँ चाहनुहुन्थ्यो। उहाँका आदेशहरू पालन गरेर उहाँको आराधना तिनीहरूकै हितको निम्ति गरून् भन्ने परमेश्वरको प्रवल इच्छा थियो।

> *मिश्रदेशबाट इस्राएलीहरूलाई निकालेर ल्याउनुभएको र लाल समुद्र पार गरेर बचाउनुभएको उहाँको काम अत्यन्तै सानदार, भव्य र अचम्मको थियो। यी विषेश र निर्णायक घटनाहरू थिए।*

मोशाका परमेश्वरचाहिँ एक आपसी आत्मियता र मेलमिलापको परमेश्वर हुनुहुन्छ। मानव प्राणीप्रति परमेश्वरको अत्यन्तै महत्त्वपूर्ण लक्ष्य भनेको कुनै एजेन्डा वा कार्ययोजना पूरा गर्ने नभई उहाँ र आफ्ना चुनिएका जनहरू अर्थात् इस्राएलसँग अर्थपूर्ण सम्बन्ध राख्ने सृजना गर्नु थियो। उहाँसँग गहिरो सत्सङ्ग गर्न र सम्बन्ध राख्न उहाँले तिनीहरूलाई सिनै पहाडमा डोऱ्याउनुभएको थियो।

परमेश्वरका जनहरूलाई विगतको समयमा जे भयो त्यो हाम्रो निम्ति पाठ हो भनेर प्रेरित पावलले उल्लेख गर्दछन्। तिनीहरूका भूल, गलत काम र भ्रष्ट हुने

चर्तिकलाबाट हामीले पाठ सिकून् र आज पनि उहाँलाई बफादार भएर पछ्याऔँ भनेर उनले हामीलाई यो अर्ति दिन्छन्, "यी विवरणहरू तिनीहरूलाई चेताउनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ" *(१ कोरिन्थी १०:११)*। विगतका घटनाहरू हाम्रा निम्ति चेतावनी हुनुपर्छ र कहिल्यै नबिर्सिने शिक्षा र अर्तिको स्रोत हुनुपर्छ। हामीले ती लेखहरू पढ्नुपर्छ, अध्ययन गर्नुपर्छ र सिक्नुपर्छ। पौराणिक समयमा आजभन्दा जुनसुकै फरक परिस्थितिमा ती लेखिए तापनि त्यहाँ देखाएका आत्मिक नीतिहरू अहिलेको लागि पनि सान्दर्भिक छन्।

यस पुस्तकका १३ अध्यायहरूमा प्रस्थानको पुस्तक अध्ययन गर्ने हाम्रो योजना स्पष्ट छ। यस पुस्तकमा भएका अध्यायहरू विभिन्न लम्बाइ छन् जुन सबैलाई सहज बनाउन विषयवस्तुहरूमा विभाजित छन्: (१) मिश्रदेशमा दासत्व, मोशाको जन्म र उनको पहिलो ४० वर्ष *(प्रस्थान १-२)*। (२) मोशाले पालन गर्नुपर्ने परमेश्वरको आदेश *(प्रस्थान ३-४)*। (४) पहिलो नौवटा महामारीहरू *(प्रस्थान ७-१०)*। (५) दसौँ महामारी र निस्तार चाड *(प्रस्थान ११-१२)*। (६) मिश्रदेशबाट स्वतन्त्र र लाल समुद्रको अनुभव *(प्रस्थान १३-१५)*। (७) सिनै पहाडमा यात्रा *(प्रस्थान १६-१८)*। (८) परमेश्वरको करारको उपहार र दश आज्ञा *(प्रस्थान १९-२०)*। (९) परमेश्वरको दश आज्ञाको कार्यान्वयन *(प्रस्थान २१-२३)*। (१०) करारको अनुमोदन र पवित्र बासस्थानको नक्सा *(प्रस्थान २४-३१)*। (११) सुनको बाछालाई पूजा गरेर भ्रष्ट भएको र मोशाको बिन्तीद्वारा हस्तक्षेप *(प्रस्थान ३२)*। (१२) परमेश्वरको स्वप्रकट र मोशाको चहकिलो अनुहार *(प्रस्थान ३३-३४)*। (१३) पवित्र वासस्थानको निर्माण र समर्पण *(प्रस्थान ३५-४०)*। प्रत्येक अध्यायमा हामी उपर्युक्त अंशहरूका मुख्य पदहरू र घटनाहरू हेर्नेछौं।

जब हामी यस निर्णायक पुस्तकको अध्ययन गर्छौं तब अनुग्रहले भरिपूर्ण हुनुहुने हाम्रा परमेश्वरले हामीलाई आशिष् दिऊन्। पापको दासत्वबाट उहाँका जनहरूले स्वतन्त्र बनाउँदै, मृत्युबाट पार गरेर जीवन दिँदै, र यस संसारका जालका जङ्गलहरूबाट निकाल्दै नयाँ यरूशलेममा हामीलाई उहाँले पुर्‍याउनुभएको होस् भन्ने याद हामीले गरिरहन सकौं *(हिब्रू १२:२२)*।

*जीरी मोस्काला पुरानो करारका एक्सजिस र थियोलोजीका अध्यापक हुनुहुन्छ। उहाँ आन्ड्रयुज युनिभर्सिटिको सेभेन्थ-डे एड्भेन्टिष्ट थियोलोजिकल सेमिनारीको डीन हुनुहुन्छ।*

# विषय सूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | दमन: पृष्ठभूमि र मोशाको जन्म | ६ |
| २. | जलिरहेको झाङ्ग | २२ |
| ३. | अत्यन्तै अप्ठ्यारो र कठिन सुरुवात | ३८ |
| ४. | महामारीहरू | ५४ |
| ५. | निस्तार चाड | ७० |
| ६. | लाल समुद्रबाट | ८६ |
| ७. | जीवनको रोटी र पानी | १०२ |
| ८. | सिनैमा करार | ११८ |
| ९. | व्यवस्था वा दश आज्ञाअनुसार जिउनु | १३४ |
| १०. | करार र नक्सा, ब्लुप्रिन्ट वा खाका | १५० |
| ११. | धर्मभ्रष्ट र बिन्ती वा पहल | १६६ |
| १२. | "मलाई तपाईंको महिमा देखाउनुहोस्" | १८२ |
| १३. | पवित्रस्थान | १९८ |

# अस्थायी पाना

<u>**सुझाव**</u>: त्रैमासिक अध्ययन आश्विन १०, २०८२ (Sept. 26, 2025) पछि आफ्नो इच्छाअनुसार यो पाना च्यातिदिनुहोला। प्रत्येक अध्याय शनिबार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनुपर्दा प्रत्येक शुक्रबारसम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात् शबाथमा सिकाउनुहोला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नुहुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्बन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

१. अध्याय १ ..................... आषाढ १४-२० .......... (June 28-July 4)
२. अध्याय २ ..................... आषाढ २१-२७ .................. (July 5-11)
३. अध्याय ३ ................ आषाढ २८-श्रावण ३ ............ (July 12-18)
४. अध्याय ४ ...................... श्रावण ४-१० ................. (July 19-25)
५. अध्याय ५ ..................... श्रावण ११-१७ ......... (July 26-Aug. 1)
६. अध्याय ६ ..................... श्रावण १८-२४ .................... (Aug. 2-8)
७. अध्याय ७ ..................... श्रावण २५-३१ .................. (Aug. 9-15)
८. अध्याय ८ ................... श्रावण ३२-भाद्र ६ ............. (Aug. 16-22)
९. अध्याय ९ ....................... भाद्र ७-१३ .................. (Aug. 23-29)
१०. अध्याय १० .................... भाद्र १४-२० ......... (Aug. 30-Sept. 5)
११. अध्याय ११ .................... भाद्र २१-२७ ................... (Sept. 6-12)
१२. अध्याय १२ .............. भाद्र २८-आश्विन ३ ........... (Sept. 13-19)
१३. अध्याय १३ .................. आश्विन ४-१० .............. (Sept. 20-26)